# कृष्णपुर न.पा. वडा नं २, गडबिजुला सामुदायिक वन क्षेत्रमा 'इको पार्क' निर्माणका लागी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्वन्धीमा सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८०/०१/२२**

सुदूरपश्चिम प्रदेश, कञ्चनपुर जिल्ला, कृष्णपुर नगरपालिका वडा नं २ मा कृष्णपुर नगरपालिका, नगर कायपालिकाको कार्यालय, गुलरिया द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कृष्णपुर नगरपालिका, नगर कायपालिकाको कार्यालय, गुलरिया, कञ्चनपर |
| प्रस्तावको व्यहोरा | • कृष्णपुर न.पा. वडा नं २, गडबिजुला सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक ताल र विशिष्ट प्रकारको जैविक विविधतालाई संरक्षण गरी पर्यटन प्रर्वधन गर्नेगरी इको पार्क निर्माण गर्ने।<br>• इको पार्कलाई हरियाली बनाइ राख्न रूख बिरुवा/बुट्यानहरू र प्राकृतिक ताल लाई यथावत राख्दै पार्क संरचना निर्माण गर्ने गरी आयोजना निर्माण प्रस्ताव गरिएको छ। |
| प्रभाव पर्न सक्ने जिल्ला / न.पा. | कञ्चनपुर, कृष्णपुर नगरपालिका |

माथी उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिकाका वडाहरू तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

<u>राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः</u>

| | |
|---|---|
| प्रतावकको नाम र ठेगाना | नामः कृष्णपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगानाः सुदूरपश्चिम प्रदेश, गुलरिया, कञ्चनपुर<br>सम्पर्क नम्बरः ९८५८७५०६८५<br>इ-मेलः info@krishnapurmun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | नामः शोभा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.<br>ठेगानाः शंखमुल, काठमान्डौ<br>सम्पर्क नम्बरः ९८५१२१९९४७<br>इ-मेलः shobhaengineeringconsultancy@gmail.com |

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत